# तपाईंको COVID बाट धेरै बिरामी हुने जोखिम थाहा पाउनुहोस्

WE CAN DO THIS

## COVID बाट धेरै बिरामी भएका मानिसलाई अस्पतालको हेरचाह आवश्यक पर्न सक्छ। उनीहरू मर्न पनि सक्छन्।

COVID को सबै खोप साथ अद्यावधिक (अप टु डेट) रहनु भनेको COVID बाट धेरै बिरामी हुनबाट जोगिने उत्तम तरिका हो।

खोप लगाइए पनि केही व्यक्तिहरूमा COVID बाट धेरै बिरामी हुने सम्भावना अरूहरू भन्दा बढी हुन्छ।

## COVID बाट मानिसहरूलाई धेरै बिरामी हुने सम्भावना बढाउने कारकहरू



### बूढो उमेर

COVID बाट गम्भीर रोगको जोखिम उमेरसँगै बढ्दै जान्छ, विशेष गरी ५० वर्ष वा माथिका मानिसहरूका लागि।

### कमजोरी वा प्रतिरक्षा प्रणाली कमजोर भएको

किमोथेरापी वा कोर्टिकोस्टेरोइड जस्ता रोग प्रतिरोधात्मक क्षमतालाई कमजोर बनाउने चिकित्सा अवस्था वा औषधिको कारणले।

### केही स्वास्थ्य समस्याहरू

केही स्वास्थ्य समस्याहरूले अरूको तुलनामा तपाईंको जोखिम बढाउँछ। र तपाईंसँग जति धेरै त्यस्तो अवस्था छ, तपाईंको जोखिम त्यति उच्च हुन्छ। तपाईंको जोखिम बढाउने सामान्य स्वास्थ्य समस्याहरू यी हुन्:

- मुटुको अवस्था
- मधुमेह
- दम र अन्य फोक्सो अवस्थाहरू
- क्यान्सर
- मृगौला वा कलेजोको अवस्था
- अधिक तौल वा मोटो हुनु

**COVID बाट गम्भीर रोग बढाउने सबै स्वास्थ्य समस्याहरू यी मात्र होइनन्। आफ्नो जोखिम बुझ्न आफ्नो स्वास्थ्य समस्याहरूको बारेमा आफ्नो डाक्टर वा स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्।**

## यदि तपाईं धेरै बिरामी हुने सम्भावना छ भने, गम्भीर रोगबाट बच्न मद्दतको लागि FDA-मान्यता पाएको वा स्वीकृत उपचार उपलब्ध छ तर

तपाईंले लक्षणहरू देखा परेपछि तुरुन्तै COVID को लागि चिकित्सा उपचार सुरु गर्नुपर्छ।

**नकुर्नु होस् ।** यदि तपाईमा कोभिडका लक्षणहरू छन् भने तुरुन्तै परीक्षण गराउनु महत्वपूर्ण छ। प्रिस्क्रिप्शन उपचारहरू लक्षणहरू सुरु भएको केही दिन भित्र नै सुरु गर्न आवश्यक छ।

यदि तपाइँका लक्षणहरू सामान्य छन् भने पनि डाक्टर वा अन्य अधिकृत स्वास्थ्य सेवा प्रदायकले सिफारिस गरेको औषधिको साथ COVID को चाँडै उपचार गर्नाले तपाइँको संक्रमणलाई कम गम्भीर बनाउन सक्छ र तपाइँलाई अस्पतालबाट बाहिर राख्न मद्दत गर्दछ। यसले तपाईंको जीवन बचाउन सक्छ।

**आफ्नो डाक्टर वा स्वास्थ्य सेवा प्रदायकसँग COVID बाट धेरै बिरामी हुने तपाइँको जोखिम बारे कुरा गर्नुहोस्।**

**cdc.gov/covidtreatment** मा गएर थप जान्नुहोस्

*यो सामग्री पछिल्लो पटक समीक्षा गरिएको: १२ जनवरी, २०२३*

THE CENTER